# आर्थिक बर्ष २०७६/७७
# को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

## सिमकोट गाँउपालिका
## सिमकोट,हुम्ला
## २०७६

गाँउसभाको बैठकमा २०७६ साल असार १०गते मंगलबार सिमकोट गाँउपालिकाका उपाध्यक्ष श्री बली रावत ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

सिमकोट गाँउपालिका
सिमकोट हुम्ला
२०७६

माननीय सभाध्यक्ष ज्यू ,
गाँउसभाका सदस्य ज्यूहरु,
उपस्थित महानुभावहरु,
पत्रकार साथीहरु,
सिमकोटबासी दाजुभाई तथा दिदिबैनीहरु,

१.सर्वप्रथम यस सिमकोट गाँउपालिकाको गरिमामय गाँउसभामा तेस्रो पटक नीति तथा कार्यक्रम सहितको बजेट बक्तव्य गर्न पाउदा आँफुलाई भाग्यमानी महसुस गरेको छु ।यस अवसरमा दोस्रो आ.ब.२०७५/७६ को बजेट र नीति तथा कार्यक्रम सफल कार्यान्वयनमा भुमिका खेल्नुहुने सम्बन्धित सबै पक्षहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।हुम्ला जिल्ला र सिमकोट गाँउपालिकाभित्रका स्थानिय तथा राष्ट्रिय सञ्चार माध्यम पत्रपत्रिकाहरुलाई गाँउपालिकाको गतिविधीमाथी चासो राखी कलम चलाइदिनुभएकोमा बिशेष हार्दिक आभार व्यक्त गर्दछु ।साथै नेपालको विभिन्न चरणका लोकतान्त्रिक आन्दोलनमा आफ्नो जिवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

सिमकोट गाँउपालिकाले प्रस्तावित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा मुलत:नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार सुचि,आर्थिक अधिकार, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, संघिय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानिय शासन संचालन ऐनका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानिय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश मन्त्रालयहरु र अन्यबाट प्राप्त मार्गदर्शन , सरकारी गैर सरकारी संस्था तथा निकायहरुको प्राप्त विवरण र संघिय र प्रदेश सरकारले प्रदान

गरेको बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती/टोल स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय गाँउ सभामा आगामी आ.व.२०७६/७७ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता, सास्कृतिक विविधता, मेहनती र परिश्रमी जनता , भौगोलिक विशिष्टता र सुन्दरता यस गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ ।कृषि तथा औषधिजन्य जडिबुटीहरु, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको सिमकोट गाँउपालिकामा दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक सास्कृतिक आर्थिक विकास हुन सकेको छैन ।यद्यपि उपलब्ध स्रोत, साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच, दृढ संकल्प र सामुहिक ईच्छाशक्तिका साथ विकसित र समृद्ध सिमकोट गाँउपालिका निर्माण गर्न लागिपर्नु हामी सबैको दायित्व हो ।

माननीय सभाध्यक्ष ज्यू ,सदस्य ज्यूहरु तथा उपस्थित महानुभावहरु,
बजेट तथा कार्यक्रमको उदेश्य र मुख्य मुख्य नीतिहरु अब म संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

## २. बजेटको प्रमुख उदेश्यः-

आ.ब.२०७६/७७ को यस सिमकोट गाँउपालिकाको योजनाको प्रमुख उदेश्य आर्थिक, सामाजिक, सास्कृतिक रुपान्तरण गर्दै पूर्वाधारहरुको विकास गरी यस गाँउपालिकालाई नगरपालिकाको मापदण्डमा स्तरोन्नती गर्न योगदान पुर्याउन जोड दिनु रहेको छ ।

यसका लागि कृषि पर्यटन जडिबुटी र जलश्रोतको समुचित प्रयोग गरी सडक, शिक्षा, स्वास्थ्य र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गर्नु रहेको छ ।

## ३.मुख्य नीतिहरु

- सिमकोट गाँउपालिकाको केन्द्रदेखि सबै वडाहरुसम्म मोटरबाटो निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ ।साथै सडक सञ्जाल निर्माण , मोटरेबल पुल र बेलीब्रिजका लागि संघ र प्रदेश सँग सहकार्यका लागि पहल गरिनेछ ।
- सिमकोट गाँउपालिकालाई नगरपालिका घोषणा गर्न आवश्यक पूर्वाधारहरको विकास गरिने छ ।
- स्वच्छ , सफा, सिसा र पलास्टिक रहित सिमकोट गाँउपालिका निर्माण गर्नको लागि खानेपानी सरसफाई र फोहरमैला व्यवस्थापनमा विशेष जोड दिइनेछ ।सुन्दर र समृद्ध गाँउपालिकाको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटन उद्योगको उच्च संभावना भएको हुँदा पर्यटन पूर्वाधार विकासमा थप प्राथमिकता दिइनेछ ।
- दिगो अर्थतन्त्रका लागि कृषि सुधार कार्यक्रमहरु संचालन गरी एक घर एक बगैंचा नीतिलाई अनुशरण गरिनेछ ।पशुपालन र जडिबुटीजन्य उत्पादनका लागि प्राथमिकतामा राखिनेछ ।साथै जडिवुटी संकलनका लागि न्यायिक नियमन गरिनेछ ।
- सिमकोट गाँउपालिका भित्र ठुला मझौला तथा लघु जलविद्युत आयोजनाहरुको संभाव्यता गराई संघिय सरकार, प्रान्त सरकार तथा अन्य विकास साझेदारहरुसंग निर्माणका लागि सहकार्य समन्वय र अनुरोध गरिनेछ ।
- समता, समानता र सशक्तिकरणको नितिलाई अबलम्बन गर्दै बालमैत्री, अपाङ्गमैत्री, लैङगिक मैत्री तथा छुवाछुतमुक्त गाँउपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

- आधुनिक संचार प्रविधिको विकास र विस्तारमा जोड दिइ प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ ।
- गाँउपालिकामा हुन सक्ने भोकमरी तथा खाद्य संकटलाई मध्यनजर गर्दै तात्कालिन तथा दिर्घकालिन राहत तथा खाद्य सुरक्षाका लागि नेपाल सरकार र दातृ निकायहरुसग अनुरोध गरिनेछ ।

## ४.आ.व.२०७६/७७को लागि श्रोत साधनहरुको अनुमान,तिनका माध्यमहरु र संकलनका रणनितिहरु

सिमकोट गाँउपालिकाले संघिय सरकार,प्रदेश सरकार र अन्यबाट प्राप्त मार्गदर्शन, सरकारी गैर सरकारी संस्था तथा निकायहरुको प्राप्त विवरण र बजेट सिलिङका आधारमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदनको आधारमा श्रोत साधनको अनुमान र खर्चको विस्तृत विवरण तयार गरिएको छ ।( जुन तल अनुसुचीहरुमा राखिएको छ )

५.यसैगरी अब म आ.व २०७६/२०७७ को लागि विषयगत विकास नीति उदेश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**१.आर्थिक विकास**

कृषि

- सिमकोट गाँउपालिकाको प्रख्यात बालीहरु स्याउ, ओखर, केरा, सिमी, फापर, मह, चिनो, कागुना, आलु लगायतका फलफुल तथा तरकारी औषधिजन्य जडिबुटीहरुको उत्पादन बृद्धि गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- एक घर एक करेसाबारी नीतिलाई अवलम्बन गरी किचन गार्डेन(KITCHEN GARDEN)को रुपमा एक घर एक करेसाबारी निर्माण गरिनेछ ।
- सामुहिक र सहकारी खेतीलाई उत्साहित गर्न यसै बर्ष एक वडा एक नमुना टनेल निर्माण गरी फलफुल र तरकारी खेतिमा जोड दिइनेछ ।
- एक घर एक बगैचा नीति अनुरुप प्रत्येक परिवारलाई आवश्यक स्याउ र ओखरका विरुवा उपलब्ध गराइनेछ ।
- उन्नत जातको पशुपालनका लागि नश्ल सुधार तथा कृतिम गर्भाधारण कार्यक्रममा जोड दिदै बाख्रा भेडा च्याङग्रापालन मौरीपालन तथा माछ्रापालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।
- पशु र पंक्षिहरुमा हुने संक्रमणहरुको रोकथामका लागि यथेष्ट औषधी र उपचार प्रणालीमा जोड दिइनेछ ।

उद्योग तथा वाणिज्य

- स्थानिय जडिबुटी तथा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको विकासलाई प्राथमिकता दिइनेछ ।
- स्थानिय उत्पादनमा आधारित सामानहरुको बजार सुनिश्चित गर्न पहल गरिनेछ ।साथै स्थानिय उत्पादन प्रयोगमा जोड दिइनेछ ।

पर्यटन

- गाँउपालिकाका सम्भाव्य पर्यटकिय स्थलहरुको पहिचान, संभाव्यता अध्ययन, वृतचित्र निर्माण तथा विकास गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।
- पर्यटकिय गन्तव्यको रुपमा रहेको मानसरोवर कैलाश दर्शनमा आउने पर्यटकहरुको ट्रान्जिट स्थल सिमकोट गाँउपालिका रहेको हुदाँ ती पर्यटकहरुको यस गाँउपालिकामा बसाई लम्ब्याउन गाउँपालिका भित्रका पर्यटकिय स्थलहरु खार्पुनाथ मन्दिर, शिब मन्दिर, रलिङ तिर्थ, पञ्चमुखी हिमाल, दुधेदह, लडे दह लगायतको थप विकास, विस्तार र सुधारमा विशेष ध्यान दिईनेछ । साथै प्रचार प्रसारमा जोड दिइनेछ ।
- सिमकोट खार्पुनाथ दोझाम रलिङ तिर्थ लडेदह दुधेदह पञ्चमुखी हुदै सिमकोट शिवमन्दिर सम्मको पर्यटकिय पदमार्गको अध्ययन अनुसन्धान र पहिचान गरी प्रचार प्रसार गरिनेछ ।
- नाम्खा गाँउपालिका लाप्चास्यार देखि मानसरोबर कैलाशको दर्शन गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई चाइनिज भिषा र पद्धतिको झन्झटबाट मुक्त हुन नाम्खा गाँउपालिकासँग सहकार्य गरी मानसरोबर कैलाश दुरदर्शनका लागि अनसन्धान तथा संभाव्यता अध्ययन गरी विभिन्न कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

सहकारी तथा वित्तिय क्षेत्र

- सामुहिक सहकारी तथा वित्तिय क्षेत्र प्रवर्द्धनमा विशेष ध्यान दिइनेछ ।

- सहकारी र वित्तियक्षेत्र सम्बन्धी विभिन्न नियमहरु पारित गरिनेछ ।

## २.सामाजिक विकास

<u>शिक्षा</u>

- सिमकोट गाँउपालिकाभित्र रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक तथा प्राविधिक सुविधाको विस्तार गरिनेछ ।
- गाँउपालिकाका गरिब छात्राछात्रहरुलाई प्राविधिक तथा उच्च शिक्षाका लागि उचित छात्रवृतिका लागि पहल गरिनेछ ।
- गाँउपालिकाभित्र रहेका विद्यालयहरुमा १००% भर्नादर पुर्याउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- विद्यार्थी शिक्षक अनुपात हेरी विभिन्न कानुनहरुको व्यवस्था गरी आन्तरिक स्रोतबाट अनुदान दिने व्यवस्था मिलाइनेछ।
- शैक्षिक गुणस्तर वृद्धि गरी विद्यालय तह उतिर्णको प्रतिशत र क्षमताको वृद्धि गर्न यसै वर्ष देखि रलिङ मा.वि.बरगाँउ र कर्णाली मा.वि. चौगनफयामा आवासिय कक्षा सञ्चालनका लागि अनुदान व्यवस्था गरिनेछ ।साथै मानसरोबर नमुना मा.वि.का लागि आवासिय सुदृढिकरणका लागि थप सहयोग अनुदान प्रदान गरिनेछ ।

<u>स्वास्थ्य</u>

- सबैलाई स्वास्थ्य कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिनेछ । गाँउपालिकाभित्र रहेका आयुर्वेदालय ,स्वास्थ्य चौकी  वा उपस्वास्थ्य चौकीहरु सुचारु रुपले संचालन गर्न व्यवस्थापनका सम्पूर्ण पक्षहरुमा विशेष ध्यान दिइनेछ ।
- अध्यारोमा गर्भवती हुने अवस्थालाई अन्त्य गर्न सबै स्वास्थ्य चौकीहरुलाई सोलारको व्यवस्था गरिनेछ ।

- एस एल सि पास नभएका स्वयम सेविकाहरुलाई सम्मानजनक विदाइ गरी नयाँ स्वयमसेविका छनौट गरी तालिम लगायतको व्यवस्था गरी स्वास्थ्य प्रणाली मजबुत बनाइनेछ ।
- स्वास्थ सम्बन्धी देखिने विभिन्न प्रकोप नियन्त्रणको लागि प्रकोप व्यवस्थापन कोष खडा गरिनेछ ।
- संघ र प्रदेशका उदेश्यहरुसँग तालमेल गर्दै स्थानिय आवश्यकतामा आधारित स्वास्थ्य सेवा सुदृढिकरण गर्न विभिन्न कानुनहरु तथा कार्यक्रमहरु निर्माण गरी अस्पताल र स्वास्थ्य चौकीहरुमा आवश्यक जनशक्ति र औषधीको यथेष्ट व्यवस्थापन गरिनेछ ।
- सुरक्षित मातृत्वलाई प्रोत्साहन गर्न सुचकहरु पुरा गर्ने सुत्केरीलाई अध्यक्ष प्रोत्साहन तथा पुरस्कार कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>खानेपानी तथा सरसफाई</u>

- सफा खानेपानी तथा पुर्ण सरसफाईका लागि विशेष ध्यान दिईनेछ ।
- सिसा र पलास्टिक रहित गाँउपालिका निर्माणका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- सफा र स्वच्छ सिमकोट गाँउपालिका निर्माणको लागि यहाँवाट निस्कने फोहरमैलाहरुको उचित व्यवस्थापन गर्नुपर्ने हुँदा उपयुक्त डम्पिङ साईट तथा ल्याण्डफिल्ड साईडको निर्माण तथा व्यवस्थित संचालनमा विशेष जोड दिइनेछ ।

<u>सस्कृति प्रवर्द्धन</u>

- भाषा साहित्य कला र सस्कृति संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ ।यससँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाँउपालिकामा रहेका गुम्बा मठ मन्दिरहरुको पहिचान संरक्षण एंव सम्बर्द्धनका लागि जोड दिइनेछ ।

- हुम्ला र सिमकोटको संस्कृति प्रवर्दनमा सहयोग गर्ने संस्थाहरुसँग समेत हातेमालो गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- 

<u>लैङ्गिक समानता एंव समाजिक समावेशीकरण</u>

- महिला बालबालिका दलित तथा उत्पिडित जनजाती विपन्न सिमान्तकृत अपाङ्ग एंव पछाडी परेका बर्गलाई लक्षित कार्यक्रमहरु उनिहरुबाटै संचालन गर्न उत्प्रेरित गरिनेछ ।राष्ट्रिय मुलप्रवाहीकरणको नीति अवलम्बन गरिनेछ ।
- मानव वेचविखन, घरेलु हिंसा, बालश्रम छुवाछुत तथा सामाजिक कुरितीको रुपमा रहेका प्रथाहरुको सबै पक्षहरुको सहयोगमा न्युनिकरणको प्रयास खोजिनेछ ।
- महिला, बालबालिका, दलित, अपाङ्ग, जेष्ठ नागरिक, असहाय र एकल महिलाहरुको सामाजिक सुरक्षा र मानव अधिकार सम्बन्धी सचेतना कार्यक्रम संचालनमा सामाजिक संघ संस्थाहरुलाई परिचालन गरिनेछ ।साथै संचालन भैसकेका कार्यक्रमहरुलाई पनि निरन्तरता दिइनेछ ।
- खेलकुद विकासको लागि खेलकुद सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरि खेलकुद विकासमा विशेष ध्यान दिइनेछ ।

## ३.पूर्वाधार विकास

<u>सडक तथा पुल</u>

- सिमकोट गाँउपालिकाको केन्द्रदेखि सबै वडाहरुसम्म मोटरबाटो निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइने छ ।साथै यस गाँउपालिका तथा समग्र हुम्ला जिल्लाको उत्तर र दक्षिण दुवै भागबाट सडक विस्तार/ निर्माण कार्यलाई जोड दिन पहल गरिने छ ।
- सिमकोट गाँउपालिकाभित्रका मुख्य सडक तथा बाटोहरु ७ सात मिटर र सहायक बाटोहरु ४ चार मिटर चौडा गरि व्यवस्थित र खुला बस्ती विकासमा जोड दिइनेछ ।

- गाँउपालिका भित्र आवश्यक ठाँउहरुमा साना पक्की पुल तथा झलुङगे पुल निर्माणमा विशेष ध्यान दिइनेछ । साथै ठुला तथा मोटरे पक्की पुल र बेली ब्रिज निर्माणका लागि सम्बन्धित निकायहरुसँग पहल गरिनेछ ।
- गोडेटो र घोडेटो बाटो निर्माण विस्तार तथा सुधारमा ध्यान दिइनेछ ।

<u>सिंचाई</u>

- परम्परागत तथा आधुनिक सिंचाई योजनाहरु (थोपा स्प्रिङकल लिफ्ट आदि)लाई विशेष प्राथमिकतामा राखिनेछ र गाँउपालिका भित्रका सबै कृषि जमिनहरुमा सिंचाई हुने व्यवस्था मिलाईनेछ ।

<u>भवन तथा सहरी विकास</u>

- वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य चौकीहरु विद्यालयहरुका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ ।
- सिमकोट गाँउपालिकाको आफ्नै भवनका लागि यसै बर्ष जग्गा खरिद गरि भवनका लागि सम्बन्धित निकायमा जोडदार पहल गरिनेछ ।
- संभाव्य स्थानमा एकिकृत बस्ती विकासको कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
- भवन निर्माण तथा सहरी विकास मापदण्डलाई कार्यान्वयनमा ल्याइनेछ ।
- सघन वस्ती सुधारको लागि वस्ती विस्तारको योजना अगाडी बढाइने छ।
- सबै बस्तीहरुमा मुख्य बाटोहरु ७ सात मिटर र सहायक बाटोहरु ४ चार मिटर चौडा गर्ने कार्य निरन्तर अभियानकै रुपमा सञ्चालन गरिनेछ ।

<u>उर्जा लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)</u>

- गाँउपालिकाभित्र वैकल्पिक उर्जा प्रयोगमा जोड दिइनेछ ।
- लघु जलविद्युत योजनाहरुको लागि विभिन्न सरोकारवालाहरुसँग साझेदारीमा जोड दिइनेछ ।साथै ठुला तथा मझौला जलविद्युत आयोजनाहरु निर्माणका लागि पहल गरिनेछ ।

<u>संचार</u>

- व्यवस्थित टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराईनेछ ।

- सुचना र सञ्चारमैत्री गाँउपालिका बनाईनेछ ।
- विकाससँग सञ्चार र सञ्चारसँगै विकासको अवधारणा आत्मसाथ गरिनेछ ।

**४.वातावरण तथा विपद व्यवस्थापन**

<u>वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायू परिवर्तन</u>

- भुमि र वनक्षेत्रलाई संरक्षण र विकासका लागि वृक्षारोपणका तथा भु-संरक्षणका कार्यक्रमहरु/क्रियाकलापहरु संचालन गरिनेछ ।
- जडीबुटी संकलन तथा प्रशोधन व्यवस्थापनमा जोड दिइनेछ ।
- दुर्लभ पशुपंक्षि एंव वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अबलम्बन गरिनेछ ।
- जलवायू परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- हरियो सिमकोट गाँउपालिका भन्ने अवधारणा लागु गर्न विशेष जोड दिइनेछ ।
- पानीका मुहान तथा कुलकुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ ।कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिता दिइनेछ ।
- वातावरण संरक्षण र विपद व्यवस्थापनका लागि विभिन्न निकाय, संघ, संस्था, एनजिओ र आइएनजिओहरु सँग समन्वय र सहकार्य गरी अगाडी बढिनेछ ।

<u>फोहरमैला व्यवस्थापन SANITATY LAND FILL SITES</u>

- फोहरमैला व्यवस्थापनका लागि फोहरमैला उत्पादनमा कमि गर्ने, पुन प्रयोग गर्ने तथा प्रशोधन (REDUCE, REUSE, RECYCLE) नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिकाभित्र उचित land fill sites तथा dumping sites को स्थान पहिचान तथा व्यवस्थापन गरिनेछ ।

<u>जल उत्पन्न प्रकोप नियन्त्रण विपद व्यवस्थापन वारुण यन्त्र संचालन</u>

- गाँउपालिकामा एक प्रकोप व्यवस्थापन कोष निर्माण गरिनेछ । साथै विपद व्यवस्थापन सम्बन्धि विभिन्न निकायहरुसँग उचित समन्वय गरिनेछ ।

५.संस्थागत विकास तथा सेवा प्रवाह

<u>मानव संसाधन तथा संस्थागत क्षमता विकास</u>

- गाँउपालिकाको समग्र विकासका लागि विभिन्न तालिम गोष्ठी भ्रमण अध्ययन अनुसन्धान जस्ता कार्यहरुमा जोड दिइनेछ ।
- सिमकोट गाँउपालिका भित्रको सेवा प्रवाहलाई मजबुत गराउदै इमान्दार कर्मचारीको मनोबललाई उच्च राख्न सबै भन्दा अधिक समय इमान्दारिताका साथ कार्यालय समयमा उपस्थित भइ सेवा प्रवाह गर्ने स्वास्थ्य कर्मी, शिक्षक र कर्मचारीहरुलाई विभिन्न सुचकका आधारमा आर्थिक बर्षको अन्त्यमा पुरस्कृत तथा सम्मान गरिनेछ ।
- सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन र कर्मचारीहरुको मनोबललाई उच्च राखी श्रमलाई सम्मान गर्न कार्यालय समय भन्दा बढी समय काम गर्नुपर्ने कर्मचारीहरुको लागि प्रोत्साहन भत्ता एव पुरस्कारको व्यवस्था गरिनेछ ।
- गाँउपालिकाको लागि आवश्यक प्राविधिक लगायतका अन्य कर्मचारीहरु नियमानुसार भर्ना गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी वनाइनेछ ।अप्राविधक कर्मचारीहरुको आपुर्ति नभएको पद र वडाहरुमा कर्मचारी पदपुर्ती नहुन्जेल सम्मको लागि प्रशासन सहायकहरुलाई निरन्तरता गरी सेवा प्रवाहलाई बलियो बनाइनेछ ।
- स्थानिय सीप श्रोत साधन र क्षमताको अधिकतमा उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग साझेदारीमा विशेष जोड दिइनेछ ।

<u>संस्थागत पूर्वाधार नागरिक वडापत्र तथा टोकन प्रणाली</u>

- गाँउपालिकाभित्र अपाङ्ग, असहाय, वालमैत्री र लैङ्गिकमैत्री पूर्वाधारहरुको निर्माण तथा मर्मत सुधार गरिनेछ ।साथै तिनिहरुको लागि सेवाप्रवाहमा विशेष सहुलियत दिइनेछ ।
- स्पष्ट र उपयोगी इलोक्ट्रोनिक/कम्प्युटराइज नागरिक वडापत्रको प्रयोगमा जोड दिइनेछ ।

<u>सेवा प्रवाहका मापदण्ड निर्धारण</u>

- न्युनतम शर्त तथा कार्यसम्पादन मुल्याङकन(MCPM) निर्देशिकाको पालना गरिनेछ ।

- विकासका कार्यक्रमहरुमा सार्वजनिक निजी साझेदारी PPP को नीति अबलम्बन गरिनेछ ।

<u>सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधीको प्रयोग</u>

- सेवा प्रवाहका सम्पूर्ण कार्यहरु कम्प्यूटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ ।
- सेवा प्रदायक र सेवाग्राहीहरु प्रविधिमैत्री बनाउन विभिन्न तालिम तथा संचारका कार्यक्रमहरु संचालन गरिनेछ ।

**६.वित्तिय व्यवस्थापन र सुशासन**

<u>राजस्व परिचालन वित्तिय अनुशासन र वित्तिय जोखिम न्युनिकरण</u>

- संचित कोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बन्धीत व्यक्ती तथा संस्थाको बैङ्क खाता मार्फत मात्रै गरिनेछ ।
- आर्थिक मितव्ययीतालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।
- विभिन्न करका क्षेत्रहरु पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ ।

<u>लेखाङ्कन आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाई सामाजिक परिक्षण अन्तिम लेखा परिक्षण तथा वेरुजु फछ्यौंट र सुचना तथा संचार व्यवस्थापन</u>

- गाँउपालिकाको आर्थिक कारोबारहरुको प्रचलित कानुनअनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिने छ ।र नियमानुसार आ.ले.प र म.ले.प गरी वार्षिक क्रियाकलापहरु तथा आय व्यायको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ ।
- बेरुजु र बेरुजु फछ्यौंटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ ।

माननीय सभाध्यक्ष ज्यू ,

६.आ.व.२०७६/७७ को प्रस्तावित बजेट प्रस्तुत गर्नु भन्दा अगाडी म चालु आ.व.२०७५/७६को बजेटको अवस्था अवगत गराउन चाहन्छु ।

यस गरिमामय सभाले चालु आ.व.का लागि २०७५साल असार १० गते रु ३४ करोड २२ लाख ११ हजारको बजेट पारित गरेको थियो ।गत बर्षमा विविध कारणबश फ्रिज हुन गएको कर्णाली रोजगार र सामाजिक सुरक्षा वापतको रकम रु १

करोड ७० लाख फिर्ता आउने सुनिश्चित भएपछि मिति २०७५ साल फाल्गनु ३० गते बसेको गाँउसभा बैठकले सो रकम थप विनियोजन गरेपछि चाल आ.व.को जम्मा पारित बजेट रु ३५ करोड ९२ लाख ११ हजार पुगेको छ ।जसमा हाल सम्म चालु शिर्षकमा रु १५ करोड ५६ लाख र पुँजिगत शिर्षकमा रु ७ करोड खर्च भइ खर्च ६२.८० प्रतिशत रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।साथै यस असार महिनाको २५ गते सम्म सम्पूर्ण योजना र कार्यक्रमहरु समाप्त भई जम्मा रु ३१ करोड खर्च हुने अनुमान गरेको छु ।

७.आगामी आ.व.२०७६/७७ को लागि सिमकोट गाँउपालिकाको लागि रु.३७ करोड ५५ लाख ६२ हजार रुपैया विनियोजन गरेको छु ।कुल विनियोजन मध्ये चालुतर्फ रु २२ करोड ९८ लाख ६२ हजार ६१.२०%र पुँजीगत तर्फ १४ करोड ५७ लाख ३८.७९% बिनियोजन गरेको छु ।भने सिमकोट गाँउपालिकाभित्र कार्यक्रमहरु सञ्चालन गर्न विभिन्न एन जि ओ आइ एन जि ओले रु ६ करोड २० लाख बराबरको कार्यक्रमहरु पेश भएको छ ।

नेपाल सरकारबाट शशर्त अनुदानबाट प्राप्त रु १५ करोड ५४ लाख युनिसेफ लगायत एन जि ओ आइ एन जि ओ को कार्यक्रम सहितको १ करोड ५० लाख र स्वास्थ्यका लागि सक्षम प्रणालीको रु ८ लाख चालुतर्फ राखिएको हुनाले कुल बजेटमा चालु खर्चको अंश बढी देखिएको छ ।

८.खर्चहरु मध्ये आर्थिक विकास तर्फ रु १ करोड ५० लाख १० हजार विनियोजन गरेको छु ।

(ख)कृषि सेवा र पशु स्वास्थ्य सेवा सम्बन्धी कार्यहरुलाई प्रवर्द्धन गर्न एकमुष्ट रु ९० लाख १० हजार विनियोजन गरेको छु ।

जसबाट एक घर एक बगैंचा भन्ने नारालाई सार्थक पार्न यस बर्षनै १२ हजार स्याउका विरुवा र ३००० ओखरका विरुवा वितरण गर्न आवश्यक रु १५ लाख बजेट विनियोजन गरेको छु ।

एक घर एक करेसाबारी नीतिलाई आत्मसात गर्न सबै घरले प्राप्त गर्न सक्ने गरी ८० प्रतिशत अनुदानमा मौसमी र बेमौसमी तरकारीको उन्नत विउ वितरणको लागि बजेट

व्यवस्था गरेको छु ।साथै किचन गार्डेन निर्माणको लागि पाल समेतको व्यवस्थाका लागि बजेट मिलाएको छु ।

सामुहिक र सहकारी खेतीलाई उत्साहित गर्न एक वडा एक नमुना आल्मुनियमको प्लास्टिक टनेल निर्माणका लागि ८० प्रतिशत अनुदान सहयोगका लागि सम्पूर्ण प्राविधक सहयोग सहित रु १५ लाख बजेटको व्यवस्था गरेको छु ।

सुरक्षित स्याउ टिपाइका लागि ८० प्रतिशत अनुदानमा फ्रुट पिकर र अन्य कृषि कार्यक्रम सुदृढिकरणको लागि  यथेष्ट बजेट व्यवस्था गरेको छु ।

माहामरी नियन्त्रण र निरन्तर पशु स्वास्थ्य सेवा प्रदानका लागि यथेष्ट बजेट विनियोजन गरेको छु ।

सबै वडामा पशु स्वास्थ्य शिविर संचालन लगायत विभिन्न पशु सेवा सम्बन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

संघिय र प्रदेश सरकारबाट शशर्त कार्यक्रमसँग तालमेल हुने गरी कृषि सेवा र पशु स्वास्थ्य सम्बन्धी कार्यक्रमका लागि यथेष्ट बजेट विनियोजन गरेको छु ।

(ख)पर्यटन पर्वद्धन र प्रचार प्रसारका लागि ६० लाख  हजार विनियोजन गरेको छु । जसबाट बुराउसे गाँउदेखि दुधे दह लडे दह पञ्चमुखी हिमाल पर्यटन रोडको लागि रु २७ लाख विनियोजन गरेको छु भने रलिङ तिर्थ रोडलाई समेत प्राथमिकतामा राखेको छु ।अन्य गुम्बा र मन्दिर व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।लामा संस्कृति मञ्च सिमकोटमा शौचालय निर्माणका लागि रु २० लाख विनियोजन गरेको छु ।

९.खर्चहरु मध्य सामाजिक विकासमा रु ३ करोड ५७ लाख ४८ हजार विनियोजन गरेको छु ।

(क) समग्र सिमकोट गाँउपालिकाभित्रको शैक्षिक संवेदनशिलतालाइ हल गर्न शिक्षाको लागि रु ९८ लाख ४० हजार विनियोजन गरेको छु ।जसमा गुणस्तरीय शिक्षा, शैक्षिक बातावरण, विद्यार्थी शिक्षक र दरवन्दी अनुपातलाई मापदण्ड बनाइ शिक्षालयहरुलाई शैक्षिक अनुदान प्रदान गर्न आन्तरिक स्रोतबाट एकमुष्ठ रु ३५ लाख बजेट विनियोजन गरेको छु ।भने आवासिय विद्यालय सञ्चालनका लागि जनशक्ति र व्यवस्थापन सामाग्रीका लागि रलिङ मा.विका लागि रु २५ लाख कर्णाली मा.विका

लागि रु २५ लाख र आवासिय प्रोत्साहनका लागि मानसरोबर मा.विका लागि रु ७ लाख विनियोजन गरेको छु ।र शशर्त सँग तालमेल गरी अन्य शैक्षिक कार्यक्रममा समेत बजेट व्यवस्था गरेको छु ।साथै उच्च शिक्षालाई समेत मध्यनजर गरी मानसरोबर बहुमुखी क्याम्पस सिमकोट हुम्लालाई आन्तरिक श्रोतबाट वेहोर्ने गरी निशर्त अनुदानको व्यवस्था मिलाएको छु ।

(ख) सिमकोट गाँउपालिकाको स्वास्थ अवस्था मजबुत बनाउन संघिय सरकार बाट प्राप्त शशर्त बजेट सँग तालमेल गरी स्वास्थ्य संवेदनशिलतालाई मध्य नजर गरी गत बर्षको तुलनामा भारी वृद्धि गरी रु ८९ लाख ६३ हजार विनियोजन गरेको छु ।यसै बर्ष गाँउपालिका भित्रका सबै स्वास्थ्य चौकीहरुमा अध्यारोमा सुत्केरी गराउने वाध्यतालाई अन्त्य गर्ने बजेटको व्यवस्था गरेको छु ।

विद्यालयहरुमा छात्राको हाजिरी दर बढाउन प्रत्येक मा.वि विद्यालयहरुमा एटिम बाट चल्ने स्मार्ट सेनिटरी प्याड मेसिन व्यवस्थाका लागि रु ८ लाख ७५ हजार विनियोजन गरेको छु ।

स्वास्थ्य चौकीहरुमा औषधी अभाव हुन नदिन रु १५ लाख विनियोजन गरेको छु ।

सबै वडाहरुको स्वास्थ्य रिपोर्टिङलाई सुदृढिकरण गर्न महिला स्वयम सेविकाहरुलाई सम्मान जनक विदाई गरि एस एल सि पास स्वयसेविकाहरु छनौट गरी तालिम समेतको व्यवस्थाका लागि रु ८ लाख विनियोजन गरेको छु ।

सुरक्षित मातृत्वका लागि सबै चेक जाँच गरी सबै सुचक पार गरि स्वास्थ्य संस्थामै सुत्केरी गराउने आमाहरुका लागि अध्यक्ष पुरस्कार तथा प्रोत्साहन कार्यक्रमका लागि रु २ लाख ४० हजार विनियोजन गरेको छु ।साथै अन्य स्वास्थ्य कार्यक्रमका लागि पर्याप्त बजेट व्यवस्था गरेको छु ।

(ग) खानेपानी तथा सरसफाई लागि रु ३८ लाख ५० हजार, संस्कृति प्रवर्दन गर्नका लागि विभिन्न कार्यक्रम तथा निर्माणको लागि रु ५६ लाख ६० हजार र खेलकुद तथा मनोरञ्जन क्षेत्रमा आवश्यक बजेट विनियोजन गरेको छु ।गरिब दलित बालबालिका महिला तथा एकल महिलालाई सम्बोधन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण शिर्षकमा एकमुष्ठ रु ६९ लाख ३५ हजार विनियोजन गरेको छु ।

जेष्ठ नागरिक र अपाङ्गहरुका लागि गाँउपालिकाको चिनो/उपहार कार्यक्रमका लागि बजेट ब्यवस्था गरेको छु ।

बालबालिका तथा महिला संरक्षणका लागि अल्पकालिन सेवा केन्द्र र कर्मचारीको स्केल अनुसारको न्युनतम पारिश्रमिकका लागि बजेट व्यवस्था गरेको छु ।

दलितहरुको मनोबललाई उकास्न प्रत्येक दलित बस्तिमा कम्तिमा १ योजना पर्ने व्यवस्था मिलाएको छु ।र अन्य दलित मैत्री कार्यक्रमको व्यवस्था गरेको छु ।

महिलाहरुका लागि नेतृत्व विकास तथा सिप विकासका लागि यथेष्ट बजेटको व्यवस्था गरेको छु ।

१०.खर्चहरुमध्ये पूर्वाधार विकास तर्फ रु ५ करोड ६१ लाख ३० हजार विनियोजन गरेको छु ।

जसबाट गाँउपालिका केन्द्रवाट सबै वडालाई यसै वर्ष सडक सञ्जालमा जोड्न ठेहे दोझाम सम्मको मोटरबाटोका लागि रु ९० लाख र टुलिङ धारापोरी हुदै नाम्खा गाँउपालिका सम्म मोटरबाटोका लागि रु ८५ लाख विनियोजन गरेको छु ।साथै सिमकोट हिल्दुम सडकलाई प्राथमिकतामा राखेको छु ।

विद्युत प्राधिकरणसँग सहकार्य गरी बजारका अस्तव्यस्त तार र पोल व्यवस्थापनका लागि बजेट व्यवस्था गरेको छु ।

सिमकोट बजार क्षेत्रलाई सफा सुन्दर र व्यवस्थित बनाउन मोटर बाटो चौडा ढल निर्माण तथा वजार व्यवस्थापनका लागि रु १ करोड ९३ लाख विनियोजन गरेको छु ।साथै सडक सोलार बत्तीका लागि बजेट विनियोजन गरेको छु ।

अन्य गोरेटो बाटो घोडेटो बाटो काठे पुल निर्माण सिँचाइ भवन तथा सहरी विकास र जल विद्युतका लागि यथेष्ट बजेट व्यवस्था गरेको छु ।

सकेसम्म सबै सुख्खा भुमी चिस्यान बनाई प्रयोगमा ल्याइ प्रतिफल हासिल गर्न साना सिँचाइ आयोजनाहरुको लागि रु २३ लाख ५० हजार विनियोजन गरेको छु ।

११.खर्चहरुमध्ये बाताबरण तथा विपद व्यवस्थापन तर्फ रु ९२ लाख १० हजार विनियोजन गरेको छु ।जसबाट बन तथा भु संरक्षणको लागि रु २५ लाख १० हजार वातावरण संरक्षणको क्षेत्रमा रु २५ लाख फोहरमैला तथा ढल निर्माणमा ३८ लाख र विपद व्यवस्थापन तथा आकस्मिक कोषको रु ४ लाख विनियोजन गरिएको छ

।साथै यस क्षेत्र जलवायु परिवर्तन अनुकुलन कार्यक्रमले समेत समेट्ने व्यवस्था गरेको छु ।

१२. संस्थागत विकास सेवा प्रवाह र सुशासन विकास तर्फ रु २ करोड ९६ लाख २ हजार विनियोजन गरिएको छ ।

जसमा गाँउपालिकाको आफ्नै भवन निर्माणको लागि सिमकोट बजार क्षेत्रमा जग्गा खरिदको लागि रु ८० लाख व्यवस्था गरेको छु ।

पारदर्शिता र सुशासनलाई आत्मसात गर्न विकास सँगै सञ्चार कार्यक्रमका लागि रु १५ लाख व्यवस्था गरेको छु ।

एक आर्थिक बर्षमा तिन चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यवस्था गरेको छु साथै पत्रकारिता सक्षमता तालिम सञ्चालनका लागि रु ४ लाख बजेट व्यवस्था गरेको छु ।

इमान्दार कर्मचारीको मनोबल बढाउन बढी हाजिरी र इमान्दारिता सहितको विभिन्न सुचकहरुको आधारमा गाँउपालिका भित्रका २/२ जना स्वास्थ्य कर्मी शिक्षक र कर्मचारीहरुलाई रु १२ हजार पुरस्कार तथा प्रमाणपत्र सहितको सम्मानका लागि बजेट व्यवस्था गरेको छु ।

गाँउ सभा सदस्यहरु र कर्मचारीहरुको लागि चालु कार्यक्रम खर्च शिर्षकबाट बहुउदेश्यिय अन्तरजिल्ला भ्रमण गर्न सक्ने कार्यक्रमको व्यवस्था गरेको छु ।

संघिय सरकार र प्रदेश सरकार लगायत अन्य दातृ निकायहरुसँग साझेदारीमा विकास कार्य सञ्चालन गर्न समपुरक कोषमा रु ९० लाख विनियोजन गरेको छु ।

गाँउपालिकाको लागि आवश्यक सर्भे डिजाइन डिपिआर तयार र संस्थागत सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । साथै सबै क्षेत्रमा छुटयाइएको बजेट पारदर्शी हिसावले कार्यक्रम बनाई खर्च गर्ने ब्यवस्था मिलाएको छु ।

१३.नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम अन्तर्गत जलवायु समानुकुलन विकास योजनामा शशर्त बजेटमा प्राप्त रु १ करोड २० लाख बाट गाँउपालिकाको बजेटसँग समेत सहकार्य हुनेगरी तल्लो साँगु नदी नियन्त्रण सिमकोट-१ मा रु २० लाख , कुलेटा देखि नाउला सम्म भु-संरक्षण सिमकोट-५ रु ५ लाख  सनभ्याली होटल हुदै तिनधारासम्म सडक स्तरोन्नती सहित ग्याविन पर्खाल तथा ढल निर्माण सिमकोट-६मा

रु ३५ लाख मन्की खोला पहिरो नियन्त्रण सिमकोट-४मा रु २० लाख र याङ्गु सिँचाइ योजना सिमकोट-८ मा रु ४० लाख विनियोजन गरेको छु ।

१४.चालु खर्च शिर्षकबाट, शशर्त बजेटबाट सम्बोधन हुन नसकी सेवा प्रवाहलाई गम्भिर असर पर्ने बर्थिङ सेन्टरहरु र अस्पतालका लागि  जनशक्ति व्यवस्थापन र गाँउपालिका र वडाहरुमा कर्मचारीको अभावमा सेवा प्रवाहमा पर्न जाने असरलाई मध्य नजर गरी सेवा करार गरी स्केल अनुसारको तलब व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१५. कुल बजेट गाँउपालिकाले  खर्च गर्ने गरी समानीकरण राजस्व बाँडफाड जनश्रमदान आन्तरिक राजस्व र अगाडीको आ.ब.मा बचेको रकम चालु प्रशासनिक खर्च र पुजीँगत निर्माणमा  विनियोजन गरेको छु । शशर्त अनुदानमा संघिय सरकारबाट प्राप्त बजेट युनिसेफ लगायत एन जि ओ आइएन जिओ हरुबाट प्राप्त बजेटहरु प्राप्त निर्देशिका तथा कार्यक्रमहरुको आधारमा विनियोजन गरेको छु । गाँउपालिकामा प्राप्त हुन आउने विभिन्न विषयगत तथा साझेदारहरु बाट प्राप्त बजेट प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाउनेछु ।सभा पश्चाल साझेदार गर्न चाहने संस्था र कार्यक्रमसँग परिस्थिति हेरी आवश्यकता देखिएमा समन्वय गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने छु ।

१६.आगामी आर्थिक बर्षको लागि खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु ८८ लाख ६२ हजार, संघिय र प्रदेश सरकारबाट आउने वित्तिय समानीकरण अनुदान र शशर्त अनुदानबाट रु २५ करोड ८२ लाख संघिय र प्रदेश सरकारबाट राजस्व बाँडफाँडमा आउने रु ६ करोड ७० लाख , आ.व. २०७५/७६मा अनुमानित बचत हुन सक्ने रु २ करोड, युनिसेफ,बहुक्षेत्रिय पोषण योजना, लगायत एनजिओ आइएनजिओबाट प्राप्त हुने रु १ करोड ५० लाख र जनश्रमदानबाट रु ६५ लाख हुनेछ ।

१७.अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू वडाध्यक्ष ज्यूहरु लगायत वडासमितीहरु राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु वुद्धिजिविज्यूहरु विभिन्न

राजनैतिक दलका साथीहरु, नागरिक समाज, पत्रकार , प्रमुख प्रशासकिय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सम्पूर्ण सिमकोट वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदिबैनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस सिमकोट गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने सिमकोट गाँउपालिकाका न्यायप्रेमी जनताहरु, कर प्रदायकहरु, सिमकोट गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम सहित बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

समस्याहरु धेरै आउन सक्छन सबै समस्याहरु एकैपटक समाधान गर्नपनि नसकिएला तर बर्तमान बस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको समाधान गर्न हामी सिमकोट वासी कटिबद्ध प्रतिवद्ध र एकताबद्ध भयौं भने अबश्यपनि सिमकोट गाँउपालिकाको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ । आशावादी बनौं ।

धन्यवाद ।